।। नमो रत्नत्रयाय ।।

# लुम्बिनी बौद्ध विश्वविद्यालय

## केन्द्रीय कार्यालय

लुम्बिनी, नेपाल

प.सं.

च.नं.

मिति :

## दोस्रो दीक्षान्त समारोहमा सम्मिलित हुन अनलाइन फाराम भर्नेसम्बन्धी सूचना

लुम्बिनी बौद्ध विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहमा सम्मिलित हुन इच्छुक वि.सं. २०७४ साल पुस १७ (१ जनवरी २०१८) गतेदेखि २०७९ साल ज्येष्ठ मसान्तसम्म (१४ जुन २०२२) सम्ममा सेमेष्टर तथा वार्षिक परीक्षा प्रणालीअनुसार पी.जी.डी., स्नातक, स्नातकोत्तर तह उत्तीर्ण गरी परीक्षा कार्यालयबाट ट्रान्स्कृप्ट लिइसकेका विद्यार्थीहरू तथा विद्यावारिधिको हकमा विश्वविद्यालयबाट उपाधि हासिल गरिसकेका शोधार्थीहरूले मिति २०७९ साल असार ५ गतेसम्म देहायबमोजिम आवेदन दिनुहुन सूचित गरिएको छ।

**क) आवेदन दिने**

- दीक्षान्त समारोहमा सम्मिलित हुन इच्छुक योग्यता पुगेका विद्यार्थीहरूले विश्वविद्यालयको आधिकारिक वेवसाइट convocation.lbu.edu.np मा उपलब्ध गराइएको ढाँचामा अनलाइन आवेदन दिनुपर्नेछ।
- आवेदन दिँदा माग भए बमोजिमका विवरणहरू अनिवार्य उपलब्ध गराउनुपर्नेछ।

**ख) दीक्षान्त समारोहको लागि आवेदन दिने विद्यार्थीको लागि समयसीमा**

विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहमा भाग लिने विद्यार्थी तथा शोधार्थीहरूका लागि तपसिलको समयसीमाभित्र अस्थाई प्रमाणपत्र लिइसकेका विद्यार्थी/शोधार्थीहरूले मात्रै आवेदन दिनसक्ने गरी समयसीमा निर्धारण गरिएको छ।

**तपसिल**

| क.सं. | तह | समयसीमा | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १ | स्नातक | सुरुदेखि | २०७९ ज्येष्ठ मसान्तसम्म |
| २ | पी.जी.डी. | सुरुदेखि | २०७९ ज्येष्ठ मसान्तसम्म |
| ३ | स्नातकोत्तर | २०७४ पौष १७ | २०७९ ज्येष्ठ मसान्तसम्म |
| ४ | विद्यावारिधि | २०७४ पौष १७ | २०७९ ज्येष्ठ मसान्तसम्म |

**नोटः** : वि.सं. २०७४ पौष १७ गतेभन्दा अगाडि विश्वविद्यालयबाट कुनै शैक्षिक उपाधि हासिल गरेका तर दीक्षान्त समारोहमा सहभागी नभएका विद्यार्थी तथा शोधार्थीहरूको हकमा प्रमाणपत्र मात्रै उपलब्ध गराइनेछ।

**ग) दीक्षान्त शुल्क**

विश्वविद्यालयको दोस्रो दिक्षान्त समारोहका लागि तपसिलका शीर्षकमा निम्नानुसारको शुल्क निर्धारण गरिएको छ।

**तपसिल**

| क.सं. | शीर्षक | शुल्क | | | |
|---|---|---|---|---|---|
| | | स्नातक | पी.जी.डी. | स्नातकोत्तर | विद्यावारिधि |
| १ | फाराम शुल्क | १०००।- | १०००।- | १०००।- | १०००।- |
| २ | आवेदन शुल्क | ५०००।- | ६०००।- | ८०००।- | १००००।- |
| ३ | गाउन धरौटी शुल्क (फिर्ता हुने) | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| जम्मा शुल्क | | **९,०००।-** | **१०,०००।-** | **१२,०००।-** | **१४,०००।-** |

Rupandehi, Lumbini, Nepal  info@lbu.edu.np  071-404088  www.lbu.edu.np

# लुम्बिनी बौद्ध विश्वविद्यालय

## केन्द्रीय कार्यालय
लुम्बिनी, नेपाल

प.सं.
च.नं.

मिति :

थप शुल्क सम्बन्धी व्यवस्था

| क.सं. | शीर्षक | शुल्क | | | |
|---|---|---|---|---|---|
| | | स्नातक | पी.जी.डी. | स्नातकोत्तर | विद्यावारिधि |
| ४ | दीक्षान्त समारोहमा भाग नलिने विद्यार्थीहरूका लागि प्रमाणपत्र शुल्क | २०००।- | ३०००।- | ४०००।- | ५०००।- |
| ५ | अभिभावक शुल्क-प्रति अभिभावक | ५००।- | ५००।- | ५००।- | ५००।- |

**नोट : -**

- उपर्युक्त शुल्कहरू विश्वविद्यालयको एभरेष्ट बैंक लुम्बिनी शाखाको **खाता नं. ०४१००१०५२००३१२** (Lumbini Boudha Bishowbidhyalaya kosh) मा बुझाई सक्कलै भौचर संलग्न गरी आवेदन दिनुपर्नेछ ।

- गाउन धरौटी शुल्कबाट ३ प्रतिशत सुरक्षण शुल्कवापत कटाई बाँकी रकम फिर्ता गरिनेछ ।
- अभिभावकसहित सहभागि हुन चाहाने विद्यार्थीले प्रति अभिभावक रु ५००।- दरले थप रकम दाखिला गर्नुपर्नेछ ।
- स्याद गुज्रिसकेपछि आएका निवेदन उपर कारबाही हुनेछैन ।

• दीक्षान्त समारोहमा सहभागिताका लागि पोसाक वितरणको मिति, स्थान र समय सूचनामार्फत जानकारी गराइनेछ ।

**पुनश्चः** विश्वविद्यालयको दीक्षान्त समारोहसम्बन्धी थप जानकारीका विश्वविद्यालयको केन्द्रीय कार्यालयको फोन नं. ०७१-४०४०८८, ४०४०७० मा सम्पर्क गर्नुहुन वा वेवसाइट www.lbu.edu.np मा सूचना हेर्नुहुन जानकारी गराइन्छ ।